# घोडाघोडी नगरपालिकाको आर्थिक विधेयक, २०७६

**मिति – २०७६।०३।१० गते**

घोडाघोडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सूदुरपश्चिम प्रदेश, नेपाल

# आर्थिक विधेयक २०७६

**घोडाघोडी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना:**

घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम घोडाघोडी नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

**(१) यस ऐनको नाम आर्थिक ऐन २०७६ रहेको छ ।**

**(२) यो ऐन २०७६ साल साउन १ गते देखि घोडाघोडी नगरपालिका क्षेत्रमा लागु हुने छ ।**

**२. सम्पति कर:**

नगरपालिका क्षेत्र भित्र अनुसुचीमा उल्लेख भए बमोजिम सम्पत्ति कर  लगाईने र असुल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)**

नगरपालिका क्षेत्र भित्र अनुसुचीमा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**४. घर वहाल कर:**

नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले वहालमा दिईएको भाडा सम्झौता बमोजिम १२ प्रतिशत घर जग्गा वहाल कर नगरपालिकाबाट लगाईने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर**:

नगरपालिका क्षेत्र भित्र व्यपार, व्यवसाय वा पूजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचीमा उल्लेख भए बमोजिम ब्यबसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. जडिबुट, कवाडी र जीवजन्तु कर:**

नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो , जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बाफत कानुनमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

**७. सवारी साधन कर**:

नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुचीमा उल्लेख भए बमोजिम सवारी साधन कर (तिन पांग्रे) लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर**:

नगरपालिका क्षेत्र भित्रहुने विज्ञापनमा अनुसुचीमा उल्लेख भए बमोजिम विज्ञापन कर  लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरन्जन कर**:

नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचीमा उल्लेख भए बमोजिम व्यवसाय कर  लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. बहाल विटौरी शुल्क**:

नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचना र नगर क्षेत्रमा खाली ,सरकारी , प्रति जग्गा भाडामा प्रयोजन गर्दा अनुसुचीमा उल्लेख भए बमोजिम कर लगाईने र व्यवसायिक प्रयोजनको लागि स्टल राख्दा प्रति दिन रु.२०० का दर ले नगरपालिकाबाट कर लगाईने र असुल उपर गरिनेछ।

**११. पार्किङ शुल्क**:

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बाफत नगरकार्यपालिकाबाट सवारी साधनको आधारमा अनुसुचीमा उल्लेख भए वमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

**१२. टेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्क:**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र  टे«किङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बाफत कानुनमा तोकिए बमोजिम कर  लगाईने र असुल उपर गरिनेछ।

**१३. सेवा शुल्क दस्तुर:**

नगरपालिकाले उपलब्ध गराएको सेवामा सेवाग्राही बाट अनुसुचीमा व्यवस्था भए अनुसार सिफारिस दस्तुर असुल उपर गरिनेछ।

**१४. पर्यटन शुल्क:**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरु बाट कानुनमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. नयाँ घर निर्माण तथा नक्शा पास दस्तुर:**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने नयाँ घर तथा नक्शा सम्बन्धि कार्यका लागि अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१६. बाली धरौटी तथा अन्य धरौटी:**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र बाली धरौटी तथा अन्य धरौटी कार्यका लागि तोकिए बमोजिमको र शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१७. फोहरमैला व्यवस्थापन सेवा शुल्क:**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्ने बिषयगत समितिबाट सिफारिस भई नगर सभाबाट स्वीकृत भए पश्चात फोहरमैला व्यवस्थापन सेवा शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१८. रजिष्ट्रेसन शुल्क:**

नगरपालिकाले आफ्नो क्षेत्र भित्र कानुनले तोके बमोजिम रजिष्ट्रेसन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१९. कर छुट:**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु लाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:**

यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची– १
(दफा ३ संग सम्बन्धित)
सम्पत्ति तथा भुमी करको दर

## सम्पत्तिका आधारमा देहाय बमोजिम कर लाग्ने छ।

| करयोग्य भुमी तथा सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| पाँच लाख रुपैयाँ सम्मको मूल्यांकनमा | एक मुष्ठ रु पचास |
| पाँच लाख एक रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म | प्रति लाख रु दश |
| पचास लाख एक रुपैयाँ देखि एक करोड रुपैयाँ सम्म | प्रति लाख रु पन्ध्र |
| एक करोड एक देखि दुई करोड रुपैयाँ सम्म | प्रति लाख रु बिस |
| दुई करोड एक रुपैयाँ देखि तिन करोड रुपैयाँ सम्म | प्रति लाख रु तिस |
| तिन करोड एक रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | प्रति लाख रु चालिस |
| पाँच करोड एक भन्दा माथि | प्रति लाख रु पचास |